नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

सिंहदरवार, काठमाडौं

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम समन्वय इकाई सिंहदरवार, काठमाण्डौ

## विज्ञ / स्रोत व्यक्तिको सूचीमा नाम समावेश गर्ने सम्बन्धी सार्वजनिक सूचना

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत चालु आर्थिक वर्ष २०७६/०७७ बाट प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम शुरुवात भएको छ । यस कार्यक्रममार्फत प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी विविध कार्यक्रमहरु प्रदेश तथा स्थानीय सरकार र अन्य सरोकारवाला निकायहरुसँगको सहकार्य र समन्वयमा प्रदेश तथा स्थानीय तहका केन्द्रहरुमा समेत संचालन हुनेछन् ।

यसरी संचालन हुने कार्यक्रमहरुमा विज्ञ / स्रोत व्यक्तिको रुपमा सेवा दिन चाहने योग्य र सम्बन्धित विषयमा अनुभव भएका व्यक्तिहरुले यस कार्यक्रमको Website: <www.plgsp.gov.np/roster> मा गई यही २०७६ मङ्सिर २८ गते भित्र आफ्नो विवरण अध्यावधिक गर्न हुन जानकारी गराईन्छ । प्राप्त विवरणका आधारमा विषय शीर्षक अनुसार विज्ञ / स्रोत व्यक्तिको सूची तयार गरिने छ र सूचीमा समावेश भएका व्यक्तिहरु मध्येबाट समेत आवश्यकता अनुसार सेवा लिन सकिनेछ ।

साथै, यसरी सूचीमा समावेश भएका विज्ञ / स्रोत व्यक्तिको सेवा लिने र सेवा लिनु पर्दा निजको पारिश्रमिक र अन्य शर्त के हुने भन्ने निर्णय कार्यक्रम संचालनका बखत कार्यक्रम संचालन गर्ने निकायबाट हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

यस सम्बन्धी थप जानकारी चाहिएमा निम्न फोन नं वा Email मा सम्पर्क गर्न सक्नु हुनेछ ।
फोन नं: ९७७-१-४२५७७५९६, ४२५७७३८९ Email: <badun@lgcdp.gov.np>

रमेश अधिकारी
राष्ट्रिय कार्यक्रम व्यवस्थापक
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

मिति: २०७६।८।२२

बोधार्थ:

श्री सूचना प्रविधि शाखा: मन्त्रालयको Website मा upload गरि दिनु हुन ।